# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ८ गते ०८ साल

## भाग ३

## उद्योग र वाणिज्यमन्त्रालयको

### सूचना

उद्योग तथा वाणिज्यमन्त्रालयबाट कपडा निकासीबारे, बारा, परसा, रौतहटका कपडा व्यापारीहरूको कपडामुद्दामा श्रीमाननीय अर्थमन्त्रीजीबाट दिएको अवार्ड सर्तहरू तल दिएको छ।

१ वीरगञ्जमा ५।२।५१ मा दर निश्चित भैसकेको दरमा कुपनद्वारा १८ लाख गज कपडा वितरण हुनेछ। त्यसमा १२ लाख गज कपडा चल्ती बानाको र ६ लाख गज बेचल्ती बानाको राखिनेछ। सो कपडा कुपनकोटका २ महीनाभित्र वितरण गरिसक्नुपर्छ। बाँकी रहेको कपडा नेपाल सरहदभित्र महाजनहरुले खुला' बजारमा आफ्नुखुशी बेचे हुन्छ।

२ १८ लाख गज कपडामध्ये ५।२।५१ मा दर निश्चित भएको मार्काको कपडामा वाणिज्यमन्त्रालयका सेक्रेटरीले महाजनहरुसंग राय ली दर तोकिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ सरकारी छाप लगाएर बाहिर खाताहरू महाजनहरुलाई फिर्ता दिइनेछ । सील मारेको र महाजनहरुको विरुद्ध आजसम्म थाति रहेको मुद्दा खारेज हुनेछ ।

४ भारततिर कपडा चोरी निकासी र कालोबजार गर्न रोक्नमा सरकारलाई पूरा सहयोग दिनेछु भन्ने पूरा आश्वासन बेपारीहरुले सरकारलाई दिनुपर्छ ।

५ कुनै गैर सरकारी मानिसले कपडाको बेपारीमा अनधिकार दखल दिएमा यस्ता मानिसहरूको विरुद्ध कडा सजाय गर्नु भन्ने आदेश सरकारले स्थानीय जिल्लाका अधिकारीहरूलाई उठाउनेछ ।

६ कपडाको चोरी निकासी भएको धेरै प्रमाणित भइसकेकोले एउटा कपडा लैजानु नहुने जोन अर्थात इलाका खडा गरिएको छ । यस कामको निमित्त भारतको सीमानादेखि आधामाईलभित्रको नेपालको कुनै ठाउँमा पनि कपडा लैजान पाइनेछैन । तर त्यहाँ बासिन्दाको निमित्त चाहिने कपडा लैजानलाई सरकारबाट ईजाजत दिइनेछ ।

उद्योग वाणिज्य मन्त्रालय .

गोरखापत्र छापाखानाबाट प्रकाशित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।